# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिगण्डकी गाउँपालिका
## स्याङ्जा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिगण्डकी गाउँपालिका

## स्याङ्जा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कालिगण्डकी गाउँपालिका

स्याङ्जा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

प.सं. २०८०।८१

च.नं. ३७

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,

कालीगण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

स्याङ्जा ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. ५५ लाख २९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ४० लाख २१ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु असूल गर्नुपर्ने रु. १० लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१४ हजार र पेश्की बाँकी रु.४ लाख समेत गरी यस वर्ष रु.१५ लाख ८ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २ करोड ७३ लाख ३७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२ करोड ७७ लाख ३६ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानून र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

कालीगण्डकी गाउँपालिका,
स्याङ्जा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असूल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असूल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ३३ | ५५२९ | ० | २९ | ४०२१ | ४० | ४ | १५०८ | १०९४ | ० | १४ | ० | ० | १४ | ४०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कालीगण्डकी गाउँपालिका, स्याङ्जा | २७३३७ | ० | ११०९ | २६२२८ | ० | १५०८ | २७७३६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | ०७९।८० | २३ | कार्यसम्पादन जमानत पेस | २४८१००० |
| २ | ०७९।०८० | २४ | एजबिल्ड ड्रइङ पेस नगरेको | ४०००० |
| ३ | ०७९।०८० | ३० | ठेक्का बिलमा बढी भुक्तानी | ७४२५२७ |
| ४ | ०७९।०८० | ३५ | अग्रिम आयकर कट्टी नगरेको | २९३३६७ |
| ५ | ०७९।०८० | ४२ | सामुदायिक वनको आय उपभोक्ता समितिबाट असुल | ६०११२ |
| ६ | ०७९।०८० | ४६ | बढी भ्रमण खर्च | ८८०० |
| ७ | ०७९।०८० | ४७ | आन्तरिक लेखापरीक्षण बेरुजु | १०६४५० |
| ८ | ०७९।०८० | ४८ | थप ग्रेड भुक्तानी | ३७७४ |
| ९ | ०७९।०८० | ५१ | पाठ्यपुस्तक बढी निकासा | २७२५ |

| | | | | |
|---|---|---|---|---|
| १० | ०७९।०८० | ५२.१ | नमुना विद्यालयमा प्रोत्साहन भत्ता | ५२००० |
| ११ | ०७९।०८० | ५२.२ | नमुना विद्यालयमा प्रोत्साहन भत्ता | २२९८२७ |
| **चालु वर्षको जम्मा** | | | | **४०२०५८२** |
| **गत विगत वर्षतर्फको** | | | | |
| १ | **२०७८।७९** | | | ११०९११९ |
| **कुल जम्मा** | | | | **५१२९७०१** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ७२ वर्ग किलोमिटर तथा जनसंख्या १७९५५ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१० देखि २०८०।५।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू

सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** एकीकृत आर्थिक विवरण संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६०,५१९ असूल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम (रु). |
|---|---|---|
| १ | किपट आ वि, अग्रिम कर | ६०५१९ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालिन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ५६ करोड ९१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | क्षेत्र | बजेट लाखमा | खर्च लाखमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८८७२ | ६६५० | ७४.९५ |
| २ | पूर्वाधार विकास | १६९४ | १२६० | ७४.४२ |
| ३ | सामाजिक विकास | ३२८६ | २८४७ | ८६.६४ |
| ४ | वातावरण तथा विकास | १०२ | ०.६६ | ५८.८९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७२ | ११५ | ६६.३८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८५२ | ६६४ | ७८ |
| **जम्मा** | | **६९९४** | **५६२०** | **८०.३४** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८६.६४ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापन मा सबै भन्दा घटी ५८.८९ प्रतिशत रहेको छ। पालिकाको वस्तुस्थिति तथा आवश्यकता अनुसार बजेट विनियोजन तथा खर्च गर्नु पर्दछ।

७ **खर्च विश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.८६,०१,७४८।०० राजस्व बाँडफाँड र अनुदानबाट रु. ५५,२०,१०,९२५।०० समेत रु. ५६,१५,१२,६७३।०० आम्दानी भएकोमा चालुतर्फ रु. ३१,३८,०७,४९४।०० र पुँजीगत तर्फ रु २४,८२,२७,९६७।०० गरी जम्मा रु ५६,२०,३५,४६१।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु. ९६,७८,८००।०० खर्च भएको छ जुन आन्तरिक आयको १२.५२ प्रतिशत बढी रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५.८८ प्रतिशत चालु र ७७.६२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **त्रैमासिक पुंजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुंजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | २४८२२७९६७ | २३८५६०८ | २६७३३९०७ | ५७०१६१६१ | १६२०९१४९१ | १२२५४५७४१ |
| प्रतिशत | | ०.७५ | ८.३६ | १७.८२ | ५०.६८ | ३८.३२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुंजीगततर्फ वार्षिक रु.२४,८२,२७,९६७।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २३,८५,६०८।०० (०.७५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २,६७,३३,९०७।०० (८.३६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५,७०,१६,१६१।०० (१७.८२ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १६,२०,९१,४९१।०० (५०.६८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १२,२५,४५,७४१।०० (३८.३२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

- पालिकाले आ.व. २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वयन अवस्था कमजोर रहेको,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने कार्य नभएको,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरेको,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक नगरेको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- अनुगमन प्रतिवेदन, भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको,
- भ्रमण अभिलेख व्यवस्थित नगरेको,

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण सम्बन्धित वडा समितिहरूको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरूको विवरण सभामा पेश नगरेको,
- सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरू सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरू सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरू निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्बन्धी अभिलेख नराखेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख नराखेको,
- कार्यक्रम सञ्चालन तथा खरिदको लागि पेश्की दिँदा लागत अनुमान सहितको प्रस्तावना स्वीकृत गर्ने नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **प्रशासकीय सँगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९१ दरबन्दी (नेपाल सरकार तर्फ समेत) स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म अधिकृत स्तरका ४

जना सहित २४ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

११ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३१ व्यक्तिहरूलाई रु.८,०३,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ८६,०१,७४८ को ९.३३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१२ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष थप भएको ७ गरी कुल ७ विवाद दर्ता भएकोमा ६ वटा मात्र फस्योंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१३ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१४ **सेवाप्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाले यस वर्ष जन्मदर्ता ६५९ वटा, मृत्युदर्ता २२९ वटा, नाता प्रमाणित ५३४ वटा, बसाई सराई आएको १२८, नागरिकता सिफारिस ८४० वटा, घरबाटो सिफारिस १५० वटा दर्ता तथा सिफारिस गरी सेवा प्रवाह गरेको छ।

१५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ७ वडाको लागि १९५ वडास्तरका र २८१ पालिकास्तरका गरी कुल ४७६ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. ५० योजना सङ्ख्या | रु. ५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २८१ | ४९ | २९ | २०३ |
| २ | वडास्तरीय | १९५ | ० | ० | १९५ |
| **जम्मा** | | **४७६** | **४९** | **२९** | **३९८** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४४२ योजनामात्र कार्यान्वयन भई ३४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २४ करोड ८२ लाख २७ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ७०५ | ३४ | ८ | १० | २९ |

१८ **एकीकृत आर्थिक विवरण -** पालिकाको एकीकृत आर्थिक विवरण अनुसुचीमा समावेश छ ।

१९ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था

गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,३३,४५७८६।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,८०,००००।०० र अन्य रु.५१,५६,२५१।०० समेत गरी रु.१४,६५,०२,०३७।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२० **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसरी सम्पन्न रकमकै हाराहारीमा मेशिनमा खर्च गर्दा स्थानीय स्तरमा रोजगारी सिर्जना नहुने र खरिदमा प्रतिस्पर्धा समेत नहुने देखिन्छ । अतः रोजगारी सिर्जना हुने तथा स्थानीय स्रोत साधनको उपयोग हुने योजनाहरू मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्दछ। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| भौचर | योजनाको नाम | सम्पन्न रकम | भुक्तानी | Bill of Dozar |
|---|---|---|---|---|
| | मट्टीयाचौर देखि सिता गुफा मोटरबाटो | ३२५६४६.२ | २८६५९९ | ३३१४८७ |
| ३७४/२०८०/३/६ | पुत्लेमारा कुवा बगर चिउरीबोट मो.बा.निर्माण | ४३०७३१ | ३८२३६२ | ३३२२३४ |
| ४४६/२०८०/३/१९ | पुत्लेमारा कुवा बगर चिउरीबोट मो.बा.निर्माण | २७१११२ | २३८८३३ | २७१११२ |

| | | | | |
|---|---|---|---|---|
| ४४५/२०८०/३/१९ | शालिकराम लोकमार्ग अन्तर्गतको भृगुतुङ्गेश्वर कोटाकोट सडक | ९४७०२२ | ९०४१६६ | १०८६८०८ |
| २९०/२०८०/२/१० | शालिकग्राम लोकमार्ग अन्तर्गत भृगुतुङ्गेश्वर कोटाकोट वडा नं.२ | १७५७२३४ | १४२७३३३ | १६५८९४५ |
| ३६७/२०८०/३/६ | वैघादेखि बारीचौर सडक स्तरोन्नती | ३९७०३८ | ३७८९१३ | ४६७९८२ |
| | जैपते करेकुवा बलौटे सडक | २२१६६६ | २११३६८ | २७४४६६ |
| | कुणादी मन्दिरदेखि नयाँ मोटरबाटो निर्माण | ३६८७२०.२ | २८६१६० | ३३०७२६ |
| २५८/२०८०/१/२४ | मिर्मी बजारदेखि कटहरे पेट्रोल मोटरबाटो | ३२६११३.४ | २८६७०९ | ३०२२७५ |
| २८९/२०८०/२/१० | रानीघाट-देउराली-रुद्रवेणी सडक स्तरोन्नती | ८६३१९४ | ७५९३१६ | ६०१२२७ |

२१ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२२ **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमका ठेक्काहरूमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । नियमानुसार बीमा गरेर मात्र निर्माण कार्य गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | BOQ मा रकम | कैफियत |
|---|---|---|---|---|
| वैघा स्वास्थ्य चौकी भवन निर्माण | ड्रिम वे कन्स्ट्रक्सन प्रालि | १७८८४८७६ | १०५०७९ | अवधि सकिएको |
| वडा नं. ४ र ५ पहुँच मार्ग कालोपत्रे | डि आर निर्माण सेवा | १७२०३४२ | २०००० | विमा नगरेको |

| | | | | |
|---|---|---|---|---|
| वडा नं ६ र प्रशासकीय भवन जाने बाटो कालोपत्रे | अधिकारी निर्माण सेवा | १९२९०७७ | २०००० | विमा नगरेको |
| कालीगण्डकी अस्पताल भवन निर्माण | R & C/S BEACON JV | २१५७६८५७२ | २९८४८०४ | विमा नगरेको |
| बारीचौर मद्रान झोलुङ्गे पुल | श्री गीता कन्स्ट्रक्सन | १८६४५००० | ३५२७० | अवधि सकिएको |
| झाँगेदेउराली गहलाम सडक | श्रीक्रियटिभ इन्जिनियरिङ प्रालि | १०९३५५२१.७५ | ३७२८१ | अवधि सकिएको |

२३ **कार्यसम्पादन जमानत -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रु.२४,८१,००० सम्परीक्षण गरिएको ।)***

२४ **एज विल्ड ड्रईङ्ग पेश नगरेको -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रु. ४०,००० सम्परीक्षण गरिएको ।)***

२५ **पेश्की जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। साथै पेश्की दिँदा पेश्की जमानत राख्नुपर्ने व्यवस्था छ । ठेक्का नं. KLGD-W-NCB-CDP-०३-२०७९/८० का निर्माण व्यवसायी श्री वरदेवी तारालक्ष्मी जेभी लाई दिएको पेश्की मध्ये रु. ४,००,०००।०० फछ्र्यौट गर्न बाँकी रहेकोमा पेश्की जमानतको म्याद २०८०।३।११ मै समाप्त भएको छ। यसबाट पेश्की रकम जोखिममा परेको छ। पेश्की जमानत पेश गर्न लगाई तोकिए बमोजिम बाँकी पेश्की फछ्र्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ४,००,००० |

२६ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १ देखि ४१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तर कार्य हुने भएमा नर्म्स समेत

सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| योजनाको नाम | ठेक्का नं. | लागत अनुमान | सम्झौता रकम | | घटि प्रतिशत |
|---|---|---|---|---|---|
| भृगुतुङ्गेश्वर मन्दिर हनुमान थान र सिता गुफा पार्क निर्माण | KLDG-W-NCB-PARK-०५-०७७/७८ | ३७५३५०१६ | २२२२९६८४ | १५३०५३३२ | ४१ |
| हटिया रानीघाट सडक स्तरोन्नती | KLGD-W-NCB-HR-०१-०७९/८० | २७३५०४०१ | २०७७७५१८ | ६५७२८८३ | २४ |
| हटिया चिउरीबोट सडक स्तरोन्नती | KLGD-W-NCB-HC-०२-०७९/८० | १४३६७०८१ | ९९६४२६७ | ४४०२८१४ | ३१ |
| टंलेहवना लिफ्टीङ सिँचाई | KLGD-W-NCB-TIP-०७-०७९/८० | ३६५४३७२७ | २८५२६४५५ | ८०१७२७२ | २२ |
| वैघा स्वास्थ्य चौकी भवन निर्माण | KLGD-W-NCB-HP-०५-०७९/८० | २३६७३२५६ | १७८८४८७६ | ५७८८३८० | २४ |
| वडा नं ३ कार्यालय भवन निर्माण | KLGD-W-NCB-WO-०४-०७९/८० | २२५२४०४४ | १७३३९३३८ | ५१८४७०६ | २३ |
| विर्घा स्वास्थ्य चौकी स्तरोन्नती | KLGD-W-NCB-BHP-०९-०७९/८० | ९९४९५४४ | ७२३५०८४ | २७१४४६० | २७ |
| प्रशासकीय भवन निर्माण | KLDG-W-NCB-OBKLRM-०७-०७६/७७ | १०००१०६११ | ७७०९७२६१ | २२९१३३४९ | २३ |
| झाँगेदेउराली गहलाम घडीपोखरा सडक | KLGD-W-NCB--०२-०७८/७९ | १८९०५५०२ | १०४७६००४ | ८४२९४९८ | ४५ |
| छाप दब्छे सुलसुले सडक स्तरोन्नती | KLGD-W-NCB-UCDSMB-८/७६/७७ | ९८४६५१३२ | ६१७४७६८३ | ३६७१७४४९ | ३७ |
| छाप दब्छे सुलसुले पोखराडाँडा सडक स्तरोन्नती | KLGD-W-NCB-CDP-०३-२०७९/८० | २६२७८७८९ | २०२४५६७६ | ६०३३११३ | २३ |

२७ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२८ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का व्यवस्थापन गरेको झाँगेदेउराली गहलाम सडक (ठेक्का नं. KLGD-W-NCB-UJGG/०१/२०७७/७८) ठेक्काका निर्माण व्यवसायी श्री क्रियटिभ इन्जिनियरिङ प्रा.लि. सँग मिति २०७७।१०।१३ मा भएको सम्झौता अनुसार २०७८।३।३० भित्र कार्यसम्पन्न गर्नुपर्नेमा हाल सम्मको भौतिक प्रगति करिब ३० प्रतिशत मात्र रहेको छ भने हाल ठेक्काको म्याद थप समेत भएको छैन । साथै गत विगत वर्ष देखि निर्माण व्यवसायी निर्माण स्थलमा उपस्थित छैन। खरिद सम्झौताको पालना नगरी ढिलाई गर्ने निर्माण व्यवसायीबाट सम्झौताको शर्त अनुसार सम्झौता रकम रु १,०९,३५,५२२।०० को १० प्रतिशतले हुने रकम असूल गरी प्रचलित कानुन अनुसार बाँकी कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १०,९३,५५२ |

२९ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनुपर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरूको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिंदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ठेक्काको सुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ठेक्काहरू निम्नानुसार छन् । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको सुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अवधि को म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| KLDG-W-NCB-PARK-०५-०७७/७८ | श्रीक्रियटिभ इन्जिनियरिङ प्रालि | २०/०६/२०७८ | २२२२९६८४ | २०/१०/२०७८ | १३५०१०६८ | ३०/०९/२०८० | ५८२% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| KLGD-W-NCB-UCDSMB-८/७६/७७ | सिएम - बि एण्ड बि जे.भि | २५/०४/२०७७ | ६१७४७६८३ | २५/०९/२०७८ | | ३०/०६/२०८० | १२४% |

३० **बढी भुक्तानी -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रु. ७,४२,५२७ सम्परीक्षण गरिएको ।)*

३१ **बाटो सरसफाई -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले मेशिन भाडामा लिई जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गरी कोटेशन माग गरी जिल्ला दररेटकै हाराहारीमा सम्झौता गरी आफ्नो क्षेत्र भित्रको विभिन्न बाटोहरूको सरसफाई कार्य गर्ने गरेको पाईयो । प्रतिस्पर्धा नहुँदा खरिद कार्य मितव्ययी नहुने भएकोले प्रतिस्पर्धालाई प्रवर्द्धन हुने गरी खरिद कार्य सञ्चालन गर्नुपर्दछ ।

| भौचर | निर्माण व्यवसायी | काम | खर्च रकम |
|---|---|---|---|
| ४/२०७९/७/१७ | दुर्गा कन्स्ट्रक्शन | बाटो सरसफाई | ९९२७१७ |
| १४२/२०७९/११/१८ | आर सी कन्स्ट्रक्शन | बाटो सरसफाई | ९८५३७४ |
| ३२१/२०८०/२/३० | सुजता निर्माण सेवा | बाटो सरसफाई | ९४७२८२ |
| ४१५/२०८०।३।१३ | एम एन भट्टराई निर्माण सेवा | बाटो सरसफाई | ९८००२१ |
| ४४२/२०८०/३/१८ | कालीगण्डकी निर्माण सेवा | बाटो सरसफाई | ३५१५०३ |
| ४७४/२०८०/३/२३ | अधिकारी निर्माण सेवा | बाटो सरसफाई | ३५४९३३ |
| ४८५/२०८०/३/२४ | जय नेपाल ईश्वर निर्माण सेवा प्राली | बाटो सरसफाई | ७६६३८६ |

३२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरूमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १७ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८१ जनालाई रोजगारी उपलब्ध गराई कुल ज्याला रु. ५० लाख ६० हजार खर्च गरेको छ। लक्षित वर्गलाई औषत ९२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालिन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३३ **नवप्रर्वतन साझेदारी कोष कार्यक्रम -** नवप्रर्वतन साझेदारी कोष कार्यक्रम (प्रदेश तथा स्थानीय कोष कार्यक्रम) को कुल लागत रु. २,००,००,०००।०० मध्ये नवप्रर्वतन कोषको ७० प्रतिशत र

गाउँपालिकाको ३० प्रतिशत योगदान रहेको छ। उक्त कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालन, मेसिनरी औजार खरिद, विषादी खरिद, ल्याब परीक्षण, कार्यालयमा आवश्यक सामाग्री खरिद, विद्युत जडान व्यवस्थापन र अनुगमन शिर्षकमा कुल रु. ५३,११,८०३।०० खर्च गरिएको छ । कार्यक्रम सञ्चालन गर्न ४ जना कर्मचारीहरू नियुक्त गरी मासिक तलब खर्च लेखेको तथा हाल सम्म गरेको खर्चले पुँजी निर्माणमा योगदान गर्न सकेको अवस्था छैन। कार्यक्रमको उद्देश्य बमोजिम नवप्रवर्तनलाई टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३४ **कृषि तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ। साथै अनुदानमा बिउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित कार्यक्रम देहाय अनुसार छ।

| गो.भौ.न.।मिति | विवरण | अनुदान रकम (रु.) |
|---|---|---|
| २१२।२०८०।३।२३ | ५० % अनुदानमा व्यवसायिक कागती खेती विस्तार कार्यक्रम | ९१३७९२ |
| १३२।२०८०।२।३० | ५० % अनुदानमा खाद्यान्न वालीको उन्नत वीउ उपयोगमा अनुदान | १७१६५० |
| | ५० % अनुदानमा हाते ट्याक्टर वितरण | १४१७००० |

- अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

- कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। गाउँपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउनेतर्फ गाउँपालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

३५ **अग्रिम आय कर -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-९-१ मा रु. २,९३,३६७ सम्परीक्षण गरिएको ।)*

३६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

३८ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. १ करोड ३ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ८६ लाख २ हजार अर्थात अनुमानको ८३.५१ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३९ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

| केन्द्रीय अनुदानबाट खर्च (रु. हजार) | आन्तरिक आय (रु. हजार) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३६५६६२ | ८६०२ | २.३५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४० **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८,००,००० | ७,०८,७१७ | ८८.५९ |
| घरजग्गा बहाल कर | ३,००,००० | ३,००,००० | १०० |
| व्यवसाय कर | २,५०,००० | २,०८,०२२ | ८३.२१ |
| बहाल विरौटी शुल्क | ० | ० | - |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४१ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. २,०८,०२२ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४२ **सामुदायिक बनको आय -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-९-1 मा रु.६०,११२ सम्परीक्षण गरिएको ।)*

४३ **सार्वजनिक सुनुवाई कार्यक्रम -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) दोस्रो संशोधन नियमावली,२०७३ को नियम १९ को उपनियम (१) अनुसूची-३ मा क्षेत्रीय स्तरका र अञ्चलस्तरका कार्यालयका प्रमुखले आ-आफ्ना कार्यालयबाट गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रम आफै सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । यस गाउँपालिकाले प्रति चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको एकमुष्ट रु.८४,०००।— भुक्तानी गर्ने गरी गह्रौ कालिका मिडिया हाउस प्रा.लि. बाट सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने गरी सम्झौता गरी प्रथम चौमासिक सुनुवाई बापतको रकम समेत भुक्तान गरेको छ । गाउँपालिकाले नियमानुसारको कार्यविधि अवलम्बन गरी मितव्ययी तरिकाले आफैले सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४४ **प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।

स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. १५,६८,४४५।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

४५ **गरिबसँग विश्वेश्वर कार्यक्रम -** गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेस्रो संसोधन) २०६६ अनुसार यस गाउँपालिकामा सञ्चालन भएको गरिबसँग विश्वेश्वर कार्यक्रममा रहेको कुल बजेट रु. ४,६५,०००।०० मध्ये रु. ४,६३,०००।०० खर्च भएको छ। उक्त खर्च मध्ये रु. २,०५,०००।०० अर्थात ४४.२७ प्रतिशत सामाजिक परिचालकको तलब मात्र वार्षिक खर्च भएको देखिन्छ । बाँकी रकमबाट ६ वटा समूहका १८ जना लाभग्राहीलाई किरण कृषि तथा पशुपंक्षी पालन फर्मद्धारा १८ वटा उन्नत जातका बाख्रा खरिद गरी वितरण गरेकोमा वितरण गरिसकेपछि त्यसको अवस्था र उपलब्धी बारे अनुगमन गरी प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम उपलब्धीमुलक भए नभएको एकीन हुन सकेन।आगामी वर्षमा पालिकाले यस कार्यक्रममा सुधारको कदम चाल्नुपर्छ ।

४६ **भ्रमण खर्च -**

✍ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रु. ८,८०० सम्परीक्षण गरिएको ।)***

४७ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७९।८० को आर्थिक कारोबारको चौमासिक रूपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुलाई अन्तिम हालसम्म पालिकाले फछ्र्यौट गरेको छैन । अतः उक्त रकम प्रकृति अनुसार फछ्र्यौट गर्नुपर्ने रु.

| भौ.नं. | मिति | व्यहोरा | रकम (रु.) |
|---|---|---|---|
| | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस अन्तर्गत निम्न व्यहोरा छन्ः | |
| ४८१ | २०८०।३।२२ | जैपते युवा क्लव तालिम कार्यक्रममा अतिथि खाना बापतको रकम भुक्तानी हुँदा ४८ सेटको रकम बढी भुक्तनी भएकोले उक्त बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. | १४४०० |
| जम्मा | | | १४४००।०० |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-९-१ मा दिलिप बिश्वकर्मा को रु.५९५, बिन्दु भट्टराइको रु.३५,८५५ र सफल मिडिया हाउस को रु. ७०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,४०० |

४८ **थप ग्रेड भुक्तानी -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रु. ३,७७४ सम्परीक्षण गरिएको ।)*

४९ **औषधीको लोगो परीक्षण -** गाउँपालिकाले खरिद गरेका औषधीहरूमा नेपाल सरकारको निशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाबाट खरिद भएका औषधीहरूमा लोगो परीक्षण गर्दा निम्न ५ वटा निशुल्क औषधीमा निशुल्क उल्लेख भएको छाप नहानेकोले छाप हान्नुपर्ने देखिन्छ ।

| क.सं. | औषधीको नाम |
|---|---|
| १ | Azithromycin २५० mg |
| २ | Sodium chlorid (n.s) |
| ३ | Tetracycline eye ontment |
| ४ | Dextrose ५% (D५) |
| ५ | Metroridacole ४००mg (ENTAMET) |

५० **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले विभिन्न फर्महरूबाट रु. १५,०१,३५० को औषधी सोझै तथा कोटेशनद्धारा खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू न्निानुसार छन्ः

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउँदा माग फारामको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको

औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू निर्देशिका अनुसार LMIS मा प्रविष्ट गरी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं र मिति | आपूर्तिकर्ता | खरिद विधि | रकम |
|---|---|---|---|
| ४७।०७९।९।२८ | शिवशक्ति मेडिकल स्टोर्स | कोटेशन | ११२४८१४ |
| ९१।०७९।१२।१३ | शिखा सर्जिकल एण्ड साईन्स हाउस | सोझै | ५७७२७ |
| ९१।०७९।१२।१३ | जेनिसा फर्मा | सोझै | १९८७५ |
| १०४।०८०।१।६ | मयुर मेडिसिल्स | सोझै | ४२७४८ |
| १७९।०८०।३।१६ | माछापुर्छे मेडिसन सप्लायर्स | कोटेशन | २५६१८६ |
| **जम्मा** | | | **१५०१३५०** |

५१ **पाठ्यपुस्तक -**

✂ *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-९-१ मा रु. २७२५ सम्परीक्षण गरिएको ।)*

५२ **नमुना विद्यालय -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ९.१ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान ३० देखि ५० लाख सम्म दिन सक्ने व्यवस्था छ । साथै नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ (संसोधन २०७५) ले थप व्यवस्था गरेको छ।

५२.१ ✂ *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयानुसार रु.५२००० सम्परीक्षण गरिएको ।)*

५२.२ ✂ *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयानुसार रु. २,२९,८२७ सम्परीक्षण गरिएको ।)*

५३ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

- स्थानीय तह मातहतमा रहेका ३५ विद्यालयमा २३१ शिक्षक दरबन्दी रहेकोमा २२७ पदपूर्ति भएको र पदपूर्ति मध्ये ८२ करारमा देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।

- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएका विद्यालयबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५४ **विद्यालयगत निकासा खाता -** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरूको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरू देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन। यसरी निकासाका रूपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरूको विद्यालयगत स्थिति स्पष्ट हुन सकेन। अतः विद्यालयलाई जाने सबै रकमहरू देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकीकृत अभिलेख तयार गरिनु पर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

**आर्थिक वर्षः** २०७९/८०

**कार्यालय र स्थानः** कालीगण्डकी गाउँपालिका, स्याङजा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवेन्द्र पाण्डेय | २०७९-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रकाश वली | २०७९-६-२ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५२६,६८४ | ० | २,६०१,८५० | ० | ० | ४००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | ५,५२८,५३४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४,०२०,५८२ |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | १,५०७,९५२ |

आर्थिक कारोबारको स्थितिः

| | | | |
|---|---|---|---|
| **गत वर्षको जिम्मेवारी** | | ११८८३२७८२.५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०७६००६२१ | **चालु खर्च** | ३१३८०७४९४.०२ |
| **प्रदेश सरकारबाट अनुदान** | २८३४३१२५ | **पुँजीगत खर्च** | २४८२२७९६७ |
| **राजश्व बाँडफाँट** | ११६६०७००३.५८ | **वित्तीय/अन्य व्यवस्था** | १७७६७६१३०.९४ |
| **आन्तरिक आय** | ८९६१९२४.२२ | | |
| **अन्य आय** | १५८६३५५९०.१ | | |
| **कुल आय** | ७२०१४८२६३.९ | **कुल खर्च** | ७३९७११५९१.९६ |
| **बाँकी मौज्दात** | | ९९२६९४५४.५३ | |

## बेरूजु दफा १८ सँग सम्बन्धित विवरण - अनुसूची -२

| क.सं. | आय तर्फ | | | क.सं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ११८८३२७८२.५९ | १ | चालु खर्च (साट्न बाकी चेक घटाएर) | | ३१३८०७४९४.०२ |
| | क) नगद | ० | | २ | पुंजीगत खर्च (साट्न बाकी चेक घटाएर) | | २४८२२७९६७.०० |
| | ख) बैंक | ११८८३२७८२.५९ | | ३ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | १४६५०२०३७.०० |
| २ | राजस्व (आन्तरिक आय) | | १२५५६८९२७.८० | | सामाजिक सुरक्षा | १२३३४५७८६.०० | |
| | क) आन्तरिक राजस्व | ८६०१७४८.३५ | | | गरिबसँग विश्वेश्वर | ४६३०००.०० | |
| | ख) संघिय राजस्व बाँडफाँड | १११५६५०४६.५८ | | | एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | १८००००००.०० | |
| | ग) प्रदेश राजश्व वाँडफाँड | ५०४१९५७.०० | | | पर्यटन उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय | ९२५१६१.०० | |
| | घ) मालपोत रजिष्ट्रेशन शुल्क | ३६०१७५.९० | | | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान) | ३७६८०९०.०० | |
| | ङ) दहत्तरबहत्तर वाँडफाँडबाट प्राप्त | ०.०० | | | | | |
| ३ | वित्तीय हस्तान्तरण | | ४०७६००६२१.०० | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १०११०२५००.०० | | | | | |
| | ख) सशर्त अनुदान | २६६६७०६६२.०० | | ४ | वित्तीय व्यवस्था भुक्तानी | ० | |
| | ग) समपूरक अनुदान | २००००००००.०० | | | क) ऋण भुक्तानी | ० | |
| | घ) विशेष अनुदान | १९८२७४५९.०० | | | ख) ब्याज भुक्तानी | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २८३४३१२५.०० | | ग) अन्य भुक्तानी | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | १०६७४१२५.०० | | ५ | लगानी | ० | |
| | ख) सशर्त अनुदान | ०.०० | | | ऋण लगानी | ० | |
| | ग) समपूरक अनुदान | १२६६९०००.०० | | | शेयर लगानी | ० | |
| | घ) विशेष अनुदान | ५००००००.०० | | | अन्य लगानी | ० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | ६ | धरौटी फिर्ता (साट्न बाकी चेक घटाएर) | | ४१०४८०३.०० |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ० | ०.०० | | | | |
| | क) ऋण प्राप्ति | ० | | | विभिन्न कोषतर्फको खर्च | | |
| | ख) साँवा प्राप्ति | ० | | | विभाज्य कोष खाता | | |
| | ग) ब्याज प्राप्ति | ० | | ७ | बिबिध कोष खाता | | |
| ७ | विभिन्न कोषतर्फको आय | | ४७४८८८७.३३ | | कर्मचारी कल्याण कोष | | |
| | विभाज्य कोष खाता | ० | | | लैंगिक हिंशा | | |
| | बिबिध कोष खाताः | ० | | | पी.सि.आर.ल्याव | | |
| | कर्मचारी कल्याण कोष | ० | | | साझेदारी विकास कोष | | |
| | लैंगिक हिंशा | ० | | | मर्मत संभार कोष | | |
| | पी.सि.आर.ल्याव | ० | | | वेदव्यास शिवपान्चायन १०८ फिट | | |
| | साझेदारी विकास कोष | ० | | | प्रकोप व्यवस्थापन तथा अन्य कोष | | |
| | मर्मत संभार कोष | ० | | | विविध खर्च खाता (साट्न बाकी चेक घटाएर) | | ४५८१४२३.०० |
| | वेदव्यास शिवपान्चायन १०८ फिट | ० | | | विपद व्यवस्थापन/कोष | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ० | | | संघीय सञ्चित कोषमा फिर्ता | | २२४८७८६७.९२ |
| | आकस्मिक कोष खाता | ० | | ८ | मौज्दात | | |
| | विविध खर्च खाता | ४७४८८८७.३३ | | | क) नगद मौज्दात | | |
| ८ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | १४६५०२०३७.०० | | ख) चालु खर्च खाता | ० | |
| | सामाजिक सुरक्षा | १२३३४५७८६.०० | | | ग) पुजीगत खर्च खाता | ० | |
| | गरिबसँग विश्वेश्वर | ४६३०००.०० | | | घ) बैंक मौज्दात (संचित कोष खाता) | | ७८१७०८९९.८७ |
| | एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | १८००००००.०० | | | ङ) आकस्मिक कोष खाता | | ०.०० |
| | पर्यटन उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय | ९२५१६१.०० | | | च) बैंक मौज्दात (धरौटी कोष खाता) | | १४२९२०१७.०० |
| | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान) | ३७६८०९०.०० | | | छ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | | १३४९०४.३३ |
| ९ | लागत सहभागिता | ० | | | ज) विविध खर्च | | ६६७१६३३.३० |
| १० | धरौंटी आय | ७३८४६६५.७२ | ७३८४६६५.७२ | | झ) विविध कोष खाता | | |
| ११ | लगानीको साँवा फिर्ता | ० | | | | | |
| १२ | अन्य विविध आय | ० | | | | | |
| **जम्मा** | | | **८३८९८१०४६.४४** | | **जम्मा** | | **८३८९८१०४६.४४** |

## बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| क्र.सं | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | देउराली मावि, इम्सिल -५ | १४ | १४ | १० | ८९ |
| २ | क्षेत्रपालअधारभूत विद्यालय -७ | ३ | ३ | २ | ३१ |
| ३ | कोटाकोटअधारभूत विद्यालय -१ | ७ | ७ | ३ | ७४ |
| ४ | प्यूघामा वि -१ | १६ | १५ | ४ | ११८ |
| ५ | भगवतीनमुना मा वि -७ | १९ | १९ | ३ | २५९ |
| ६ | ध्रुवज्येतिमाध्यमिक विद्यालय -६ | १३ | १३ | ३ | २३५ |
| ७ | शिवअधारभूत विद्यालय -१ | २ | २ | १ | १६ |
| ८ | चन्द्रेदयअधारभूत विद्यालय -४ | ३ | ३ | १ | ५२ |
| ९ | मिर्मिअधारभूत विद्यालय -७ | ६ | ६ | ३ | २८५ |
| १० | जनतामाध्यामिक विद्यालय -४ | १५ | १५ | ६ | २९१ |
| ११ | दुर्गाअधारभूत विद्यालय -४ | ४ | ४ | २ | ७० |
| १२ | जनहीतमा वि -१ | १४ | १४ | ३ | २६१ |
| १३ | सरस्वतिमा वि -५ | १० | १० | ३ | ७१ |
| १४ | किपटअधारभूत विद्यालय -१ | ३ | ३ | ३ | ५६ |
| १५ | कोटाकोटअधारभूत विद्यालय -२ | ४ | ४ | १ | ७५ |
| १६ | सत्यदेबीमाध्यमिक विदयालय -५ | १० | १० | ४ | ८३ |
| १७ | नारायणीअधारभूत विद्यालय - ३ | ३ | ३ | ० | २५ |
| १८ | वेलरीखानअधारभूत विद्यालय ३ | २ | २ | ० | २२ |
| १९ | अदर्श मा वि — २ | १२ | १२ | ३ | १४७ |
| २० | घुरडाँडाअधारभूत विद्यालय १ | ३ | ३ | ० | ४५ |
| २१ | सरस्वतिअधाभूत विद्यालय ३ | २ | २ | १ | २४ |
| २२ | अमरदीपअधारभूत विद्यालय ३ | ३ | ३ | १ | ६८ |
| २३ | जनताअधारभूत विद्यालय- ४ | ४ | ४ | ० | ४८ |
| २४ | अदर्शअधारभूत विद्यालय २ | ४ | ४ | ० | ८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | वालज्येतिअधारभूत विद्यालय -६ | ३ | ३ | १ | ७२ |
| २६ | वालविद्याअधारभुत विद्यालय ५ | २ | २ | १ | २७ |
| २७ | वाँसवारी अधारभूतविद्यालय -५ | १ | ० | ० | ९ |
| २८ | वीरेन्द्रमाद्यामिकविद्यालय - ५ | १७ | १७ | ६ | ३२४ |
| २९ | कालीगण्डकीअधारभूत विद्लय -७ | २ | २ | २ | २० |
| ३० | भवानीमाद्यमिक विद्यालय ३ | १७ | १७ | ८ | २२६ |
| ३१ | वारीचैर अधारभूतविद्यालय ३ | ३ | ३ | १ | २१ |
| ३२ | सृजर्ना अधारभूतविद्यालय ४ | ३ | ३ | १ | ६७ |
| ३३ | सूर्यज्येतिअधारभूत विद्यालय ४ | ४ | ४ | ४ | ३० |
| ३४ | कारीकोटअधारभूत विद्यालय १ | १ | ० | ० | १० |
| ३५ | वीरेन्द्रअधारभूत विद्यालय १ | २ | १ | १ | १० |
| | जम्मा | २३१ | २२७ | ८२ | ३३४२ |